# दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुल्लू, दैलेख

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सुचना

### तेश्रो आँखा राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७७/९/२०

**यस कार्यालयबाट चालू आ.व. २०७७/०७८ मा तपसिलका योजना निर्माण गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजतप्राप्त निर्माण व्यवसायीहरुबाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।**

१) सिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालय समयमा नवीकरण भएको इजाजत पत्र तथा मुल्य अभिवृद्धि कर दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, आ.व २०७६/०७७ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, दरभाउपत्र दस्तुर रु १०००।०० पछि फिर्ता नहुने गरी यस कार्यालयको रा.बा.बैंक दुल्लू स्थित हि.नं.४३४०१००३०१०१०००२ (राजश्व) मा जम्मा गरी सोको सक्कल भौचर वा कार्यालयमा नगदै जम्मा गरी सो को रसिद र ठेक्का सम्बन्धी कागजातहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई निवेदन दिई खरिद गर्न सकिनेछ।

२) सिलबन्दी दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरी दरभाउपत्रसाथ तपसिलमा उल्लेखित कार्यको लागि तपसिल बमोजिमको धरौटी रकम यस कार्यालयको नाममा रा.बा.बैंक दुल्लू शाखामा रहेको ४३४०१००३०३००००००२ (धरौटी) खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको कम्तिमा ९० (नब्बे) दिन म्याद भएको बैंक जमानी पत्र (विड वण्ड)संलग्न राखी यस कार्यालयमा प्रथम पटक सूचना प्रकाशन भएको १६ (सोह्रौ) दिनको १२:०० बजे भित्र दर्ता गर्नुपर्ने छ।

३) प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजे भित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजेभित्र दरभाउपत्र दाता वा निजको प्रतिनिधिका रोहवरमा खोलिने छ। दरभाउपत्र दाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त दिनको लगत्तै (कार्यालय खुलेको दिन) सोहि समयभित्र खरिद र दाखिला गर्न सकिनेछ।

४) दररेट पेश गर्दा प्रत्येक आइटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिइनेछ। दररेट उल्लेख नगर्ने, उल्लेख गरी केरमेट गर्ने, केरमेट गरिएको ठाउँमा सहिछाप नगर्ने र जमानी पत्र समेत संलग्न नगरी कार्यालयलाई झुक्याउने ढंगले मात्रै दरभाउ पत्र पेश गर्न पाईने छैन।

५) रीत नपुगी आएका वा म्यादगुज्री आएको वा अन्य शर्त राखी पेश हुन आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

६) दरभाउपत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

७) यसमा उल्लेखित भएकोमा यसै बमोजीम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

८) थप जानकारीको लागि कार्यालय समय भित्र कार्यालयको टेलिफोन नम्बर ०८९-४११०३९/४११०४१ मा सर्म्पक गर्न सकिनेछ। यो सूचना यस कार्यालयको website: www.dullumun.gov.np मा समेत प्रकाशन गरिएको छ।

| क्र.सं | सिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टेन्जेन्सी बाहेक) | दरभाउपत्र दस्तुर (रु.) | धरौटी रकम रु | निर्माण व्यावसायीको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | १४-०७७/०७८ | वडा कार्यालय बैक सडक मर्मत सुधार दुल्लू न.पा. १३ | १७०१०००।०० | १,०००।०० | ४५०००।०० | इजाजत प्राप्त निर्माण व्यावसायीहरु |
| २ | १५-०७७/०७८ | पंचकोशी वहुप्राविधिक शिक्षालयको प्रशासन कक्षका लागि तला थप | १४१७५००।०० | १,०००।०० | ३७५०० | इजाजत प्राप्त निर्माण व्यावसायीहरु |

प्रमुख प्रशासकीय अधिकृत

ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत